आज मिति २०७६ साल चैत्र माहनाको १५गतेका दिन यस हरिपुर नगरपालिकाका नगरपालिका प्रमुख तथा बिपद ब्यबस्थापन समितिक संयोजक श्री जमिरुदिन मंसुर ज्यूको अध्यक्षतामा विपद् प्रतिकार्य सम्वन्धी देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा वैठक वसी निम्न प्रस्तावमा छलफल गरियो ।

१. नगरप्रमुख श्री जमिरुदिन मंसुर

२. नगर उपप्रमुख श्री रेणुका देवी काफ्ले

३. वडाध्यक्ष श्री कुमार लामा–१

४. वडाध्यक्ष श्री रिखेश्वर कडरिया–२

५. वडाध्यक्ष श्री महम्द हजरत शेष–३

६. वडाध्यक्ष श्री गुणेश प्रसाद साह–४

७.. वडाध्यक्ष श्री मंसुर मियाँ–५

८. वडाध्यक्ष श्री इदी मंसुर–६

९. वडाध्यक्ष श्री हृदय नारायण पजिया–७

१०. वडाध्यक्ष श्री हरि बहादुर थापा–८

११. वडाध्यक्ष श्री हरिनाथ प्रसाद साह–९

प्रस्ताव

१. कोरोना भाइरस कोभिड १९ को संक्रमणको रोकथामको लागी गरिने क्रियाकलाप सम्वन्धमा ।

२. क्वारेनटाइन ब्यवस्थापन तथा शंकास्पद विरामी राख्ने सम्वन्धमा ।

३. लकडाउन लामो समय सम्म भएमा ज्यालादारी मजदुरहरुको ब्यवस्थापन सम्वन्धमा ।

४. विविध सम्वन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा विश्वब्यापी फैलिएका कोरोना भाईरस कोभिड १९ को संक्रमण यस हरिपुर नगरपालिकामा रोकथामका लागि तत्काल नगरपालिकाबाट सावुन, वाल्टीन प्रत्येक वडामा ५० थानका दरले खरिद गरि दलित तथा अन्य गरिव पहिचान गरी मार्क्स र प्रत्येक घरमा ४ पिस सावुन नगरप्रमुख, स्वास्थ्य शाखा , सुरक्षा प्रहरी रोहवरमा वडा प्रतिनीधिहरु मार्फत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस नगरपालिकामा कोरोना भाइरस कोभिड १९ संक्रमणको शंकास्पद विरामीहरुलाई राख्नको लागि २० वेडको ४ स्थानमा क्वारेनटाइन क्षेत्र निर्धारण गर्ने निर्णय गरियो र हाल २ स्थानमा स्रोत साधन युक्त क्वारेनटाइनमा शंकास्पद ब्यक्तिहरुलाई खोज तलास गरी सम्झाई बुझाई वडाबाट खवर गरी नगरपालिकाबाट क्वारेनटाइन कक्षमा राख्ने र निजहरुलाई खानपीनको ब्यवस्था नगद वा खाध्यान्न ब्यवस्थाको लागि राशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा विश्वब्यापी फैलिएको कोरोना भाइरस कोभिड १९ संक्रमण रोकथामको लागि यस नगरपालिका अन्तर्गत राज्यले लकडाउन निर्धारित समयावधि थप गरेमा ज्यालादारी मजदुरहरुलाई जिल्ला बिपत ब्यवस्थापन समितिले निर्देशन गरे अनुसार यस नगरपालकामा आवश्यक राहत सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस नगरपालिकामा कुनै पनि थप आपद विपद् आई परेमा समाधान गर्नको लागि आवश्यक कार्य गर्न नगरप्रमुख, स्वास्थ्य शाखा मार्फत गर्ने गराउन निर्णय गरियो ।